# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

### निर्माण कार्य खरिद सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना ।
**(प्रथम पटक प्रकाशित मिति २०७८/१०/०७)**

यस कार्यालयको चालु आ.व.०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित तथा निर्माण कार्यहरु विद्युतीय बोलपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय बोलपत्र पेश गर्न योग्य तथा ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.०७७।०७८ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३१ औं (एकतिसौं) दिनको १२.०० बजे भित्र यस कार्यालयमा विद्युतीय बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्रदाताले यस कार्यालयवा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egpबाट बोलपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. बोलपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर स्क्यान प्रति( pdf format) e-GP पोर्टलमा अपलोड गरी बोलपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**<u>बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>**

बैंकको नाम: राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा बैक खाता नं.: २०७०१००३०१०१०००३

३. बोलपत्रदाताहरुले बोलपत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत २०७८/११/०८ गते दिनको १२.०० वजे भित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त बोलपत्र स्वीकार हुने छैन ।

४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय बोलपत्रहरु बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।

५.बोलपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट “क”वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ९० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै बोलपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

९. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्बन्धी जानकारी लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/र Bid Docupment मा उपलब्धछ ।

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | बोलपत्र फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| Work/13/078/79 | सेफ हाउस भवन निर्माण | ४०,५८,७३६/०७ | ३,०००/- | १०,२,०००/- | |
| Work/14/078/79 | वडा नं. ५,७,११ र १२ को वडा कार्यालय भवन निर्माण | १,९७,५२,४४५/४६ | ३,०००/- | ४,९४,०००/- | |

नि. प्रमुख प्रशासकिय अधिकृत